**सुदूरपश्चिम विश्वविद्यालय**
**शिक्षाशास्त्र सङ्काय**
**बी.एड. अनिवार्य नेपाली**

विषय शीर्षक : **अनिवार्य नेपाली-१**
विषय संकेत नं. : अ.नेपा. १०१ — पूर्णाङ्क : १००
विषयको प्रकृति : सैद्धान्तिक — उत्तीर्णाङ्क : ४५
तहः स्नातक — वर्ष : प्रथम
सत्र : प्रथम — जम्मा पाठ्यघण्टा : ४५

## १. पाठ्यांश परिचय

यो पाठ्यांश आठ सत्रे स्नातक तहमा अध्ययन गर्ने विद्यार्थीहरूमा नेपाली भाषाको मानक उच्चारण र वर्णविन्यासको पहिचान गर्ने क्षमताका साथै लेख्य नेपालीमा प्रयुक्त विविध रचनाकौशलको विकास गर्नका लागि तयार गरिएको हो । यसमा नेपाली भाषाको कथ्य र लेख्य स्वरूप, वाक्यकोटिपरक रचना र वाक्यान्तरण, पत्ररचना तथा व्यावहारिक लेखन, साहित्यिक रचनाको आस्वादन र कृति समीक्षाका विशिष्ट क्षमताको विकास गर्ने पाठ्यवस्तुहरू समावेश गरिएका छन् ।

## २. सामान्य उद्देश्य

यस पाठ्यांशको अध्ययनपछि विद्यार्थीहरू निम्नलिखित भाषिक सिप आर्जन गर्न सक्षम हुनेछन् :
(क) कथ्य र लेख्य नेपालीको स्वरूप पहिल्याई त्यसको मानक रूपको प्रयोग गर्न,
(ख) विभिन्न शैलीमा वाक्यकोटिपरक अनुच्छेद रचना गर्न र तिनको वाक्यान्तरण गर्न,
(ग) विभिन्न वाक्यमा व्यक्त छोटो सङ्कथनलाई एकल वाक्यमा संश्लेषण गर्न,
(घ) निर्धारित ढाँचामा विभिन्न प्रकृतिका पत्ररचना र व्यावहारिक लेखन सम्पन्न गर्न,
(ङ) विभिन्न विधाका फुटकर रचनाहरूको आस्वादनका आधारमा समीक्षा गर्न,
(च) निर्धारित साहित्यिक कृतिहरूको समीक्षात्मक टिप्पणी गर्न ।

## ३. विस्तृत विषयवस्तु र विशिष्ट उद्देश्य

| विशिष्ट उद्देश्यहरू | विषयवस्तु |
|---|---|
| क) नेपाली उच्चार्य र लेख्य वर्णमा पाइने समानता र भिन्नता पहिल्याउन,<br>ख) नेपाली शब्दहरूको अक्षरीकरण गर्न,<br>ग) कथ्य र लेख्य मानक नेपालीको स्वरूप पहिल्याउन,<br>घ) नेपाली लेखनमा शब्दहरूको मानकीकृत वर्णविन्यास प्रयोग गर्न । | **एकाइ १ : अक्षरीकरण र वर्णविन्यास** (पाघ १०)<br>१.१ नेपाली भाषाका कथ्य र लेख्य वर्णहरू<br>१.२ नेपाली शब्दहरूको अक्षरीकरण<br>१.३ नेपाली शब्दहरूको मानकीकृत वर्णविन्यास |
| क) वाक्यकोटिको प्रकृतिअनुसार विभिन्न वाक्यढाँचाका वर्णनात्मक रचना गर्न,<br>ख) उपर्युक्त खालका रचनाहरूलाई आवश्यकताअनुसार (पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र कथनसँग सम्बद्ध) भिन्न | **एकाइ २ : वाक्यकोटिपरक रचना र वाक्यान्तरण** (पाघ १२)<br>२.१ वाक्यकोटिपरक रचना : लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य, करण-अकरणको वाक्यढाँचामा उपयुक्त सङ्गति मिलाई वर्णनात्मक अनुच्छेदहरूको रचना । |

| | |
|---|---|
| भिन्न वाक्यढाँचामा पारस्परिक वाक्यान्तरण गर्न । | २.२ वाक्यान्तरण : लिङ्ग, वचन, पुरुष, आदर, काल, पक्ष, भाव, वाच्य र कथन (प्रत्यक्ष-अप्रत्यक्ष) सँग सम्बद्ध भई रचित वर्णनात्मक अनुच्छेदहरूको पारस्परिक वाक्यान्तरण । |
| क) वाक्यविश्लेषण र संश्लेषणको परिचय दिन<br>क) विभिन्न प्रक्रियाद्वारा असंश्लेषित वाक्यहरूमा वर्णित रचनाहरूलाई एकल वाक्यमा संश्लेषण गर्न । | **एकाइ ३ : वाक्य संश्लेषण** (पाघ. ३)<br>३.१ वाक्य विश्लेषण र वाक्य संश्लेषण<br>३.२ विभिन्न प्रक्रियाका आधारमा वाक्य संश्लेषणको अभ्यास |
| क) निर्धारित ढाँचामा विभिन्न प्रयोजनका लागि चिठी, निवेदन र सम्पादकलाई चिठी लेख्न ।<br>ख) विभिन्न उद्देश्यका लागि विज्ञापन तयार गर्न ।<br>ग) प्रयोजनअनुसार शुभकामना, बधाई, श्रद्धाञ्जली र समवेदनाका नमुना तयार पार्न<br>घ) उपयुक्त ढाँचामा व्यक्तिवृत्त तयार गर्न । | **एकाइ ४: पत्ररचना तथा व्यावहारिक लेखन** (पाघ.५)<br>४.१ पत्र रचना : सूचना, कार्यालयीय चिठी, निवेदन, सम्पादकलाई चिठी<br>४.२ विज्ञापन लेखन<br>४.३ शुभकामना, निमन्त्रणा, बधाई, श्रद्धाञ्जली तथा समवेदना<br>४.४ व्यक्तिवृत्त |
| क) निर्दिष्ट साहित्यिक रचनाहरूको विधागत स्वरूप पहिचान गर्न<br>ख) निर्दिष्ट साहित्यिक रचनाहरूको विधागत तत्त्वका दृष्टिले समीक्षा गर्न । | **एकाइ ५ : निर्दिष्ट साहित्यिक रचनाहरूको विधागत स्वरूपको पहिचान र समीक्षा (पाघ.१२)**<br>**५.१ कविता/गीत/गजल**<br>५.१.१ माधव घिमिरेः तिम्रो र हाम्रो मन एक होओस्<br>५.१.२ भूपी शेरचनः मेरो चोक<br>५.१.३ दुर्गालाल श्रेष्ठ :फूलको आँखामा फूलै संसार<br>५.१.४ श्रेष्ठ प्रिया पत्थरः आफैलाई हेर्न सके<br>**५.२ कथा**<br>५.२.१ विश्वेश्वरप्रसाद कोइराला : एक रात<br>५.२.२ राजेन्द्र विमल : लङ्काकाण्ड<br>५.२.३ पद्मावती सिंहः आरुको बोट<br>५.२.४ महेशविक्रम शाहः गाउँमा गीतहरू गुन्जिदैनन्<br>**५.३ निबन्ध**<br>५.३. १ लक्ष्मीप्रसाद देवकोटा :के नेपाल सानो छ<br>५.३. २ भैरव अर्याल : टाउको<br>५.३. ३ शारदा शर्मा : सुखसत्ता<br>**५.४ एकाङ्की**<br>विजय मल्ल : सत्ताको खोजमा |
| क) विभिन्न साहित्यिक तथा साहित्येतर विधाका कृतिहरूको समीक्षा गर्न । | **एकाइ ६ : कृतिको समीक्षात्मक परिचय** (पाघ ३)<br>विभिन्न साहित्यिक तथा साहित्येतर विधाका कृतिहरूको अध्ययनका आधारमा कुनै चार विधाका एक एक कृतिको समीक्षा र कक्षा प्रस्तुति (विद्यार्थीको प्रयोगात्मक कार्य) । |

### ४. शिक्षण प्रक्रिया

यो पाठ्यांश मुख्यतः विद्यार्थीहरूको भाषिक सिपको विकाससँग सम्बन्धित भएकाले यसलाई अभ्यासमा केन्द्रित गरी सञ्चालन गरिनुपर्छ । यस क्रममा विभिन्न एकाइका पाठ्यवस्तुलाई निम्नानुसार शिक्षण गरिनु आवश्यक छ :

(क) एकाइ १ को शिक्षणका क्रममा कथ्य र लेख्य नेपालीको मानक रूपसँग विद्यार्थीहरूलाई परिचित गराउन शिक्षकले नेपाली उच्चार्य र लेख्य वर्णमा पाइने समानता र भिन्नता, शब्दहरूको अक्षरीकरण र मानकीकृत वर्णविन्यासको प्रदर्शन गर्ने, छलफल र प्रश्नोत्तर गराउने, स्पष्टीकरण दिने गर्नुका साथै उनीहरूलाई तिनको अभ्यास गराउनमा जोड दिइनेछ ।

(ख) एकाइ २ को वाक्यकोटिपरक रचना र वाक्यान्तरणका लागि वाक्यकोटिअनुसार विभिन्न वाक्यढाँचाका वर्णनात्मक रचना गर्न विद्यार्थीहरूलाई प्रोत्साहित गर्ने र तिनलाई आवश्यकताअनुसार भिन्न भिन्न वाक्यढाँचामा वाक्यान्तरण गर्नसमेत लगाउनुपर्नेछ ।

(ग) एकाइ ३ का लागि असंश्लेषित वाक्यहरूमा वर्णित रचनाहरूलाई एकल वाक्यमा संश्लेषण गरी वाक्यान्तरण गर्ने अभ्यास गराउनुपर्नेछ । यसले विद्यार्थीहरूलाई सङ्क्षेपीकरणको कौशल बढाउन मदत गर्नेछ । उल्लिखित कार्यकलाप गराउँदा शिक्षकले पहिले कक्षामा उक्त रचना र तत्सम्बन्धी वाक्यान्तरणका केही नमुना प्रस्तुत गर्नुपर्नेछ ।

(घ) एकाइ ४ मा उल्लिखित पत्ररचना तथा व्यावहारिक लेखनहरूमा कौशल बढाउन तत्सम्बन्धी अभिव्यक्तिहरूको कक्षामा नमुना प्रदर्शन गरी शिक्षकले छलफल गराउनुपर्नेछ । त्यसपछि निर्धारित रचनाहरूका लागि विद्यार्थीहरूलाई सहज हुने शीर्षकहरूको छनोट गरेर तिनलाई कक्षाकार्यका रूपमा बारम्बार अभ्यास गराउनुपर्नेछ ।

(ङ) एकाइ ५ को शिक्षण गर्दा विद्यार्थीहरूलाई निर्धारित विभिन्न विधाका साहित्यिक रचनाको पठन गर्न लगाई आस्वादन गराउने र आस्वादित रचनालाई अभिव्यक्त विषय/भाव, शीर्षक, पात्र/चरित्र, शैलीगत विशेषता आदिका आधारमा प्रतिक्रियात्मक टिप्पणी लेख्ने अभ्यास गराउनुपर्नेछ ।

(च) एकाइ ६ को कृतिको समीक्षात्मक परिचय शिक्षण गर्ने क्रममा पहिले कृतिको छनोट गर्ने, त्यसपछि तिनको सरसर्ती पठन गर्ने र त्यसका आधारमा कृति समीक्षात्मक परिचय लेख्ने अभ्यास गराउनुपर्नेछ । यस्ता कृतिहरू साहित्यिक र साहित्येतर दुबै हुन सक्नेछन् । यस्ता कृतिहरू उपलब्ध भएसम्म स्थानीय तहका लेखक तथा साहित्यकारका समेत हुन सक्नेछन् ।

### ५. मूल्याङ्कन प्रक्रिया

#### ५.१ आन्तरिक मूल्याङ्कन ४०%

यस पाठ्यांशको आन्तरिक मूल्याङ्कन शिक्षकद्वारा निम्न गतिविधिहरूको आधारमा सञ्चालन गरिनेछ :

**क) उपस्थिति र कक्षा गतिविधिहरूमा सहभागिताः** — ५+५ = १० अङ्क

ख) **मूल्याङ्कन (असाइनमेन्ट)** १ : प्रतिबिम्बात्मक प्रश्नहरूमा नोट बुक र कक्षा प्रस्तुतीकरणः — ५+५ = १० अङ्क
(प्रत्येक एकाइको अन्तमा शिक्षकले दिएका २ देखि ४ प्रश्नहरूमा प्रतिबिम्बात्मक नोटबुक तयार गर्ने/ त्यसको परीक्षा गर्ने र तीमध्ये कुनै दुई प्रश्नसंग सम्बन्धित बिषयमा प्रस्तुतीकरण गर्न लगाउन)

ग) **मूल्याङ्कन (असाइनमेन्ट)** २ : अध्ययन पत्र/निबन्ध/परियोजना र अन्तर्वार्ता : — ५+५ = १० अङ्क
(विद्यार्थीहरूले छानेको र शिक्षकद्वारा अनुमोदित विषयहरूमा तार्किक निबन्ध/अध्ययन पत्र(टर्म पेपर) /परियोजना तयार गर्न लगाउने/त्यसमा अन्तर्वार्तासमेत लिने)

**घ) मध्यसत्र परीक्षा** — १० अङ्क

### ५.२ बाह्य मूल्याङ्कन ६०%

यस पाठ्यांशको सत्रको अन्त्यमा परीक्षा नियन्त्रण कार्यालयले निम्नानुसार बाह्य मूल्याङ्कनमा आधारित लिखित परीक्षा सञ्चालन गर्नेछ :

| **प्रश्नका प्रकारहरू** | **सोधिने जम्मा प्रश्नहरू** | **जवाफ दिनु पर्ने प्रश्नहरूको संख्या र छुट्याइएको अङ्क** | **कुल पूर्णाङ्क** |
|---|---|---|---|
| **समूह 'क' बहुवैकल्पिक प्रश्नहरू** | १० ओटा प्रश्न | १०×१ | १० |
| **समूह 'ख' सङ्क्षिप्त उत्तरात्मक प्रश्नहरू** | दुइटा 'अथवा' सहित ६ ओटा प्रश्न | ६×५ | ३० |
| **समूह 'ग' लामो उत्तरात्मक प्रश्नहरू** | एउटा 'अथवा' सहित २ ओटा प्रश्न | २×१० | २० |

### ६. सन्दर्भ सामग्री


- अधिकारी, हेमाङ्गराज (२०६७), *प्रयोगात्मक नेपाली व्याकरण,* साझा प्रकाशन । **(एकाइ १-३)**
- आचार्य, व्रतराज र गौतम, देवीप्रसाद (२०६१). *विशेष नेपाली : प्रयोजनपरक बोध र लेखन,* विद्यार्थी पुस्तक भण्डार। **(एकाइ १-३)**
- जोशी, गणेशराज, खतिवडा, लयप्रसाद, कडायत, हरीकृष्ण, बम, सुरेन्द्रकुमार र बडू, प्रकाशचन्द्र (२०७८),*साधारण नेपाली रचना.* शुभकामना प्रकाशन । **(एकाइ १-६)**
- पाठ्यक्रम विकास केन्द्र त्रि.वि.(२०६९), *नेपाली साहित्यिक रचना,* साझा प्रकाशन । **(एकाइ ५)**
- श्रेष्ठ, प्रिया पत्थर(२०६७), *ओभाएका छैनन् आँखा (गजल सङ्ग्रह),* अनाम मण्डली । **-एकाइ ५)**